# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

शालिकराम फुयाँल
शाखा अधिकृत

३ नं. प्रदेश, नेपाल

## घर नक्सा अभिलेखीकरण गराउने सम्वन्धी सूचना !!!

**प्रथमपटक प्रकाशित मितिः २०७५/११/९**

प्रस्तुत बिषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ एवं सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७४ अनुसार यस बेलकोटगढी नगरपालिका भित्र नम्वरी जग्गामा विगतमा निर्माण भएका घर तथा भवनहरुको अनिवार्य रुपमा नक्सा अभिलेखिकरण गर्नु/गराउनु पर्ने भएकोले मिति २०७५/१०/२३ गतेको नगर कार्यपालिकाको बैठकवाट "नगरपालिकाको नक्सापास कार्यविधिमा नक्सा अभिलेखिकरणका लागि ३ महिने सार्वजनीक सूचना प्रकाशन गर्ने व्यवस्था रहेकोमा नगरपालिका बन्नु भन्दा पहिले बनेका घर भवन तथा संरचना, नक्सा पास कार्यबिधि, २०७५ पास हुनु अगाडि बनेका तर मापदण्ड पुरा नभएका घर, भवन संरचनाको अभिलेखिकरणका लागि सम्वन्धित घरधनीले नगरपालिकामा सूचिकृत परामर्श सेवादाता/प्राविधिक वाट नक्सा बनाई तोकिएको शुल्क दस्तुर बुझाई अभिलेखिकरण गर्न नगरपालिकाको कार्यालयमा निवेदन दिन नगरवासीहरुलाई अनुरोध गर्न सूचना प्रकाशित गर्ने र नियामानुसार घर नक्सा अभिलेखिकरण गर्ने/गराउने" भनी निर्णय भएकोले सम्वन्धित सरोकारवाला सम्पूर्ण नगरवासीहरुलाई नियमानुसार आ-आफ्नो घर नक्सा अभिलेखिकरणका लागि मिति २०७६ साल जेष्ठ ९ गते भित्र आवश्यक कागजात/प्रमाण सहित सम्वन्धित वडा कार्यालयमा निवेदन दर्ता गरि नक्सा अभिलेखिकरण प्रकृयामा सहभागी हुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ । सम्वन्धित वडा कार्यालयले वडा कार्यालयमा प्राप्त भएको निवेदन र नक्सा सहित यस नगरपालिकाको पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा नक्सा भेरिफिकेसनको लागि सम्पर्क गरी नगरवासीहरुलाई सेवा प्रवाह गर्न सहजिकरण गरिदिनुहुन अनुरोध छ ।